## विषयः नवप्रवर्तन साझेदारी कोष (IPF) सञ्चालन सम्बन्धी मार्गदर्शन।

प्रस्तुत विषयमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (सन् २०१९-२०२४) मार्फत नवप्रवर्तन साझेदारी कोषको व्यवस्था गरी लागि उक्त कोषको सञ्चालन, अनुगमन तथा प्रतिवेदन लगायतका कार्यलाई व्यवस्थित गर्ने उद्देश्यका साथ **"नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका-२०७८"** जारी गरिएको छ। साथै, हाल विभिन्न प्रदेश सरकारहरूले समान प्रकृतिको साझेदारी कोष सञ्चालन निर्देशिका जारी गर्दा प्रदेश सरकारहरूले प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (सन् २०२४-२०२९) अन्तर्गतको नवप्रवर्तन साझेदारी कोष सञ्चालन गर्दा **नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका** स्वीकृत गरी कोषका कार्यहरू सम्पन्न गर्न देहाय बमोजिम गर्नु हुन अनुरोध छ ।

क. स्थानीय शासन, सार्वजनिक सेवा प्रवाह, स्थानीय आर्थिक विकास एवं प्रादेशिक सुशासन तथा विकासका क्षेत्रमा नवप्रवर्तनको माध्यमबाट नवीनतम सोंच र सिर्जनशीलता प्रवर्द्धन गर्नु र नवप्रवर्तनका लागि स्थानीय र प्रदेश सरकारबीच, स्थानीय तहहरूबीच एवं स्थानीय तह र गैर-सरकारी संस्था/ सहकारी/ निजी क्षेत्रबीच सहकार्य र सहलगानी प्रवर्द्धन गर्नु पर्नेछ ।

ख. **कोषका मार्गदर्शक सिद्धान्त निम्न रहनेछन्ः-**

1. सुशासनका र सार्वजनिक सेवा प्रवाहको नवीनतम अवधारणाको अभ्यास तथा स्थानीय आर्थिक विकास प्रवर्द्धन,
2. न्यून आन्तरिक श्रोत भएका स्थानीय तहका प्रस्तावलाई प्राथमिकता,
3. कोषको संरचना र क्रियाकलापहरूमा प्रदेश तथा स्थानीय सरकारको स्वामित्व प्रोत्साहन,
4. समुदाय तथा गैर-सरकारी संस्था/ सहकारी/ निजी क्षेत्र समेतको नवप्रवर्तनकारी योजना कार्यान्वयन क्षमता विकास गर्दै जोखिम वहन कोषका रूपमा स्थानीय तहलाई सहयोग,
5. अन्तर स्थानीय तहमा नवीनतम अभ्यास र सिकाईको आदानप्रदान गर्ने, असल अभ्यासहरू विस्तार गर्ने र असफलताका पाठहरूबाट सिकाई हासिल,
6. कोष प्रतिस्पर्धात्मक चुनौती कोष (Competitive Challenge Fund) को अवधारणामा कार्यान्वयन।

ग. कोष सञ्चालनको समग्र जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा रहेको प्रदेश कार्यक्रम सहयोग इकाई (PPSU) को हुनेछ।

घ. कोष सञ्चालनका लागि प्राविधिक (परियोजना प्रस्ताव मूल्याङ्कन तथा छनौट लगायत) कार्य गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कार्यक्रम निर्देशक (PPD) को संयोजकत्वमा कम्तीमा एक महिला सदस्य रहेको एक प्राविधिक समिति गठन गर्नुपर्नेछ।

ङ. कोष अन्तरगत सञ्चालन हुने परियोजनाहरूको अवधि बढीमा २ वर्षको हुनेछ।

च. प्रदेश सरकारले परियोजना प्रस्ताव आह्वान गर्दा कुनै स्थानीय तहले एक्लै वा एकभन्दा बढी स्थानीय तह मिलेर संयुक्त रूपमा, वा स्थानीय तहले कुनै गैर-सरकारी संस्था/सहकारी/ निजी क्षेत्रका संघ-संस्थासँगको लागत साझेदारीमा पेश गर्न सक्ने गरी गर्नुपर्नेछ।

छ. दुई वटा प्रदेशमा रहेको एक भन्दा बढि स्थानीय तहले मिलेर संयुक्त रुपमा वा स्थानीय तहले कुनै अर्को प्रदेशमा रहेको गैर सरकारी संस्था वा सहकारी वा निजी क्षेत्रका संघ संस्था संग लागत साझेदारीमा प्रस्ताव पेश गर्न चाहेमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत रहेको कार्यक्रम समन्वय ईकाई मार्फत गरिनेछ ।

ज. कोषका लागि प्रस्तावहरूको आह्वानको चरण र ढाँचा प्रदेश सरकारले तोके अनुसार हुनेछ।

झ. चालु आ.व. को लागि फागुन मसान्तसम्म र आगामी आ.व. को लागि कार्तिक मसान्तसम्म न्यूनतम पन्ध्र देखि पैंतीस दिनको म्याद राखी सूचना प्रकाशन गर्नुपर्नेछ।

ञ. मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले परियोजना सञ्चालनपूर्व स्थानीय तह/आवेदकलाई नवप्रवर्तन कार्यक्रम भिडियो मार्फत भर्चुअल वा अन्य माध्यमबाट मितव्ययी ढङ्गले सञ्चालन गर्नुपर्नेछ। प्रदेश कार्यक्रम सहयोग एकाईको समन्वयमा सम्बन्धित प्रादेशिक अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान मार्फत तोकिएको ढाँचा र प्रणालीमा अभिमुखिकरण कार्यक्रमको प्रतिवेदन गर्नुपर्नेछ।

ट. प्राप्त प्रस्तावहरूको छनौट तथा मूल्याङ्कन, निम्न शर्तहरूको अधिनमा रही प्रदेश सरकारले स्वीकृत गरे अनुसार हुनेछ । साथै कोषका लागि निम्न नवप्रवर्तनका सम्भावित विषय क्षेत्रहरूमा उल्लेख भए अनुरुप मूलतः सूचना प्रविधिको प्रयोग र स्तरोन्नति, प्रदेश वा स्थानीय सरकारका कार्यक्रममा नवप्रवर्तनको प्रवेश वा प्रयोगसँग सम्बन्धित हुनु पर्नेछ।

1 प्रादेशिक तथा स्थानीय तहका वित्तीय व्यवस्थापन र सुशासनका क्षेत्रहरू,
2 स्थानीय तहको संस्थागत स्वमूल्यांकनका सूचकका विषय क्षेत्र,
3 सूचना प्रविधि, विद्युतीय सुशासन र GovTech क्षेत्र,
4 प्रदेश तथा स्थानीय तहको नीति तथा कार्यक्रम र योजना तथा बजेटमा समावेश कार्यक्रमहरूलाई महत्वपूर्ण योगदान पुग्ने,
5 एकीकृत स्थानीय विकास योजनाका संभागहरू,
6 फोहोरमैला व्यवस्थापन,
7 स्थानीय सेवा प्रवाह र सार्वजनिक सेवामा एकद्वार प्रणाली,
8 एकीकृत बस्ती विकास, जग्गा एकीकरण, उत्थानशील विकास तथा विपद व्यवस्थापन,
9 सामाजिक उत्तरदायित्व विधिहरूको पालना,
10 नमुना नगर गाँउ, वडा,
11 तथ्यमा आधारित निर्णय प्रक्रिया,
12 लैंगिक समानता तथा सामाजिक समावेशीकरण,
13 शिक्षा, स्वास्थ्य , खानेपानी, सरसफाईमा नवीनतम सोँचहरू,
14 उद्यमशिलता विकास, जीविकोपार्जन सुधारका तथा जलवायुमैत्री कृषि प्रणालीका क्षेत्रहरू,
15 व्यवसाय सम्वर्धन (Business incubation) का क्षेत्रहरू,
16 सार्वजनिक सूचनामा जनताको पहुँच,
17 जोखिम संवेदनशील भूउपयोग योजना,
18 आर्थिक सामाजिक रूपमा पछाडि परेका वर्गहरूको आर्थिक सामाजिक रूपान्तरण,
19 नवप्रवर्तन योजनाको अभिन्न अङ्गको रुपमा रहेका अत्यावश्यक उपकरण, प्रणाली, प्रविधि र सेवा प्रवाहसँग सम्बन्धित विषयहरू,
20 स्थानीय आर्थिक विकासका क्षेत्रमा प्रत्यक्ष योगदान दिने नवीनतम प्रविधि तथा उपकरणहरू,
21 राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रयोगमा आएका अन्य नवीनतम अभ्यासहरू।

**ठ. कोषको रकम देहायका क्षेत्रहरूमा खर्च गर्न पाईने छैनः**

1 निर्माण सम्बन्धी भौतिक पूर्वाधारहरू जस्तैः सडक, पुल, सिचाई पूर्वाधार, जलविद्युत, भ्यू टावर, स्वागतद्वार, कार्यालय भवन, मनोरञ्जन हल, फोहोरमैला व्यवस्थापनको पूर्वाधार, खानेपानी शुद्धीकरणको पूर्वाधारका क्षेत्र। तर नवप्रवर्तन योजनाको अभिन्न अङ्गको रुपमा रहेका अत्यावश्यक भौतिक पूर्वाधार निर्माणमा स्थानीय तहको लागत सहभागिताको हिस्साबाट दायित्व व्यहोर्ने गरी खर्च गर्न बाधा पुग्ने छैन ।
2 नियमित कार्यक्रम सञ्चालनको लागि कर्मचारीको खर्च।
3 कुनै पनि प्रकारका सवारी साधन खरिद, मर्मत सम्भार।

4 नियमित राहत वितरणसम्बन्धी कार्यक्रम । तर महामारी तथा विपद् व्यवस्थापन प्रभावकारी बनाउन नवीनतम प्रणाली, नवप्रवर्तक औजार तथा उपकरणहरूमा खर्च गर्न बाधा पुग्ने छैन ।

**ङ. प्राप्त प्रस्तावको मूल्याङकन गर्दा अन्य आधारसँगै निम्न आधार अनिवार्य समावेश भएको हुनुपर्नेछ:**

1 प्रस्तावक स्थानीय तहको गत आर्थिक वर्षको बेरुजु प्रतिशत सो भन्दा अघिल्लो आर्थिक वर्षको भन्दा कम भएको हुनुपर्नेछ (बेरूजुको प्रतिशत प्रदेश सरकारले निर्धारण गर्न सक्नेछ),

2 प्रस्तावक स्थानीय तहले संस्थागत क्षमता स्वमूल्याङ्कन र वित्तीय सुशासन जोखिम मूल्याङ्कन गरेको हुनुपर्ने (प्राप्ताङ्क प्रतिशत प्रदेश सरकारले निर्धारण गर्न सक्नेछ)

3 प्रस्तावक स्थानीय तहले लैङ्गिक सम्वेदनशील बजेट कार्यान्वयन गरेको हुनुपर्ने,

4 एक पटक परियोजना स्वीकृत भई सो परियोजना सम्पन्न नगरेका स्थानीय तहले कम्तिमा अर्को दुई आर्थिक वर्ष सम्म प्रस्ताव पेश गर्न नपाईने,

5 बढी भन्दा बढी स्थानीय तहलाई सहभागिताको लागि प्रोत्साहन गर्न अघिल्लो आ.व.मा परियोजना स्वीकृत भई कार्य सम्पन्न गरेका स्थानीय तहका आवेदनलाई लगातार अर्को आ.व.मा समावेश नगर्ने ।

6 स्वीकृत प्रस्तावको जानकारी प्रदेश कार्यक्रम सहयोग इकाईले पत्रपत्रिका, वेबसाईट, ईमेलबाट आवेदकलाई गराउनु पर्नेछ ।

ढ. **बजेट खर्च र प्रतिवेदन सम्बन्धि व्यवस्था :** कोषले स्थानीय तहको नियमित बजेट तथा कार्यक्रमलाई प्रतिस्थापन गर्ने छैन र दोहोरोपना हुने गरी कार्यक्रम सञ्चालन गर्ने छैन ।

ण. **कोष अन्तरगत सञ्चालन अनुदानको सीमा निम्नानुसार हुनेछ:**

1 एकल आवेदकको हकमा प्रति परियोजनाको हकमा न्यूनतम रु. पचास लाख र अधिकतम रु. एक करोड पचास लाख,

2 दुई वा दुई भन्दा बढी स्थानीय तह मिली प्रस्ताव गरिएको संयुक्त आवेदनको हकमा न्यूनतम रु. दुई करोड र अधिकतममा रु. चार करोड,

3 प्रस्तावक स्थानीय तहले परियोजनाको कम्तिमा २० प्रतिशत सहलगानी गर्नुपर्नेछ ।

त. प्रदेश सरकारले प्रस्ताव स्वीकृत भएका स्थानीय तहलाई नेपाल सरकारको कोष प्रवाह सम्बन्धी व्यवस्था अनुसार सशर्त अनुदानको रुपमा सम्बन्धित प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत रकम हस्तान्तरण गर्नुपर्नेछ ।

थ. कोष सञ्चालनका लागि स्थानीय तहले 'सूत्र प्रणाली'मा व्यवस्था भएबमोजिम बजेटको सञ्चालन गर्नुपर्नेछ ।

द. कोषको प्रतिवेदन यस कार्यक्रमबाट निर्धारित ढाँचामा तयार गरी पेश गर्नु पर्नेछ ।

ध. कोष अन्तरगतका परियोजनाहरूको सार्वजनिक सुनुवाई तथा सार्वजनिक परिक्षण भएको हुनुपर्नेछ ।

न. कार्यक्रमको खरिदसम्बन्धी व्यवस्था प्रचलित खरिद कानून अनुसार हुनेछ ।

ऩ. कोषबाट सञ्चालित परियोजनालाई स्थानीय तहको स्वीकृत खरिद योजनामा समावेश नगरी खरिद कार्य गर्न सकिने छैन र परियोजनाको स्वीकृत खरिद योजना प्रादेशिक कार्यक्रम सहयोग इकाईले स्थानीय तहबाट सङ्कलन तथा एकीकृत गरी कार्यक्रम समन्वय इकाईलाई उपलब्ध गराउनु पर्नेछ ।

प. यस कार्यक्रमबाट हुने तेस्रो पक्ष अनुगमनमा कोषबाट भएको कार्यलाई समेत समावेश गरिनेछ ।

फ. कोषको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यको प्रतिवेदन प्रदेश कार्यक्रम सहयोग इकाईले कार्यक्रम समन्वय इकाईमा तोकिएको ढाँचा र प्रणाली मार्फत पठाउनु पर्नेछ ।

ब. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय/ कार्यक्रम समन्वय इकाईको भूमिका देहाय बमोजिम हुनेछ:-

क. नवप्रवर्तन साझेदारी कोष कार्यन्वयन निर्देशिका २०७८ लाई कार्यक्रमको स्वीकृत दस्तावेज अनुसार अधावधिक गर्ने,

ख. कोष कार्यान्वयनका लागि आवश्यक मार्गदर्शन गर्ने,

ग. कोषको प्रदेशगत बार्षिक बजेटको विनियोजन गर्ने,

घ. कोषको उद्देश्य अनुसार रकम उपयोग नभएमा जिम्मेवार निकाय वा पदाधिकारीलाई सचेत गराउने र कोषको रकम निश्चित अवधिका लागि रोक्का गर्ने,

ङ. कोषबाट भएका कार्यको अनुगमन तथा सुपरीवेक्षण, प्रगति समीक्षा र असल अभ्यासहरूको प्रचार प्रसार गर्न सहयोग गर्ने,

ङ) कोषबाट भएका कार्यक्रमहरूको अनुसन्धान तथा प्रभाव मूल्याङ्कन गर्न लगाउने,

च) कोषको संस्थागत विकासको लागि आवश्यक नीतिगत पृष्ठपोषण प्रदान गर्ने ।